**ञ**.गाउँपालिकाले स्वास्थ्य क्षेत्र सँग सम्वन्धित ऐन नियम एवं सो को कार्यान्वयन गर्न आवश्यक निर्देशिका तथा कार्यविधिहरु समय अनुकुल तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

**ट**. स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न तहका सरकारी निकाय, सरकारी तथा गैरसरकारी संघ संस्था साथै निजी क्षेत्र बीचका कार्यक्रमलाई समन्वय गरी प्रभावकारी बनाउनु जरुरी छ ।

- मौजुदा स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारका चिकित्सक र अन्य स्वास्थ्यकर्मीहरू पूर्ति हुन सकेका छैनन् । स्थानीय तहभित्र चिकित्सक र स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थामा बस्ने वा टिक्ने अवस्था समेत न्यून रहेकोले सुरक्षित गर्भपतन सेवा लगाएत सुरक्षित मातृत्व सेवामा निरन्तरता नभएको अबस्था छ ।
- सुरक्षित गर्भपतन सम्बन्धी कानूनी अवस्था बारे ज्ञानको कमीले गर्दाअझैपनि असुरक्षित गर्भपतनको अबस्था धेरै रहेको पाइएको छ ।
- गुणस्तरीय स्वास्थ्य सेवाको अभाब र सहज पहुच नभएका कारणले  धेरैजसो महिलाहरू अझैं पनि घरैमा सुत्केरी हुने र बाल बिबाहका कारणले किशोरावस्थामै बच्चा जन्माउने, र असुरक्षित गर्भपतन लगाएतका कारणले मातृमृत्युदर बढि र नवजात शिशु मृत्युदर र पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर पनि तुलनात्मक रूपमा उच्च रहेको छ ।

## ३. निर्देशक सिद्धान्त तथा आधारहरु :

### ३.१ निर्देशक सिद्धान्त :

गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको अधिकार सुनिश्चित गर्न तयार गरिएको “स्वास्थ्य नीति २०८०”का निर्देशक सिद्धान्त निम्न वमोजिम छन् :

- आधारभूत स्वास्थ्य सेवामा पालिकावासीको मौलिक अधिकार सुनिश्चित गर्ने,

- स्वास्थ्य सेवामा समतामुलक पहुँच सुनिश्चित गर्ने,

- स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने,

- बहु क्षेत्रिय साझेदारी तथा सहकार्य गर्ने,

- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने,

- स्वास्थ्य प्रवर्धनलाई प्राथमिकतादिने,

-समतामूलक, गुणस्तरीय स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच बढाउने ।

**३.२. नीति निर्माणका आधारहरु :**

-वर्तमान नेपालको संविधान,२०७२

-स्थानीय सरकार संचालन ऐन २०७४,

-राष्ट्रिय स्वास्थ्य नीति,

-संघ, प्रदेश र स्थानीय सरकारको कार्य विस्तृतीकरण,

विद्यमान राष्ट्रिय नीति, रणनीति निर्देशिका मापदण्ड, कार्यक्रम तथा सूचकहरु, दिगो विकास लक्ष्यहरु, विगतमा देखिएका उपलब्धीहरु तथा स्थानीय परिस्थिति, आवश्यकता र प्राथमिकता ।

**४. भावि सोच :**

सबै पालिकावासीहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रहि उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने ।

**५. ध्येय :**

नेपालको संविधानले नागरिकलाई दिनुपर्ने भनी किटान गरेको निःशुल्क स्वास्थ्य सेवा निरन्तर उपलव्ध गराउने, स्वास्थ्य सेवासंग आवद्ध संस्था वा निकायले प्रदान गरी आएका क्षेत्रगत सेवालाई सरोकारवालाहरु सम्म सुव्यवस्थित ढंगले पुर्‍याउन आवश्यक निर्देशन गर्ने, आकस्मिक स्वास्थ्य सेवालाई व्यवस्थित रुपमा लागु गर्न बाध्यकारी बनाउने ।

**६. लक्ष्य :**

न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा पालिकावासीको पहुँच बृद्धि गर्ने ।

**७. उद्देश्यहरू :**

मेल्लेख गाउँपलिका गाउँ स्वास्थ्य नीति, २०८० का उद्देश्यहरु :

**क.** आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।

**ख.** प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**ग.**गाउँपालिकावासीको स्वास्थ्य सुरक्षा अभिबृद्धि गर्ने ।

**८.२.२.७.** महिलाको पाठेघरको मुखको क्यान्सरको समयमै निदान गर्न भि.आई.ए. स्क्रिनिङ्ग शिविर संचालन गरिनेछ ।

**८.२.२.८.** सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम दिगो तथा प्रभावकारी रुपमा संचालनकालागी **महिलासंग उपाध्यक्ष कार्यक्रम**लाई सशक्त रुपमा अगाडी बढाइनेछ ।

### ८.२.३.<u>सुरक्षित गर्भपतन सेवा</u>

**८.२.३.१. मेल्लेख गाउँपालिका** भित्रका सबै स्वास्थ्य संस्थाहरुलाई क्रमश सुचिकृत गर्दै निशुल्क तथा गुणस्तरिय सुरक्षित गर्भपतन सेवाको पहुँच, उपलब्धता सुनिश्चित गरिनेछ र असुरक्षित गर्भपतन लाई शुन्यमा झारिनेछ ।

**८.२.३.**२.गाउँपालिका भित्रका दुर्गम क्षेत्रसम्म सुरक्षित गर्भपतन सेवाको तथा अन्य स्वास्थ्य सेवाको पहुँच बढाउनका लागी टेलिमेडिसिन सेवालाई सुरुवात गरिने छ ।

- प्रजनन स्वास्थ्य सम्बन्धि अधिकारको सुनिश्चितताको लागि MA Self-Care को अवधारणाको विकास गर्ने साथै टेलिमेडिशिनबाट सेवा प्रवाह गरि महिला तथा किशोरीहरुले प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।
- निशुल्क गर्भपतन सेवा जस्ता राष्ट्रिय प्राथमिकतामा रहेका कार्यक्रमलाई महत्व दिंदै स्थानीय श्रोत र साधनको प्रयोग गरि सुरक्षित गर्भपतन सेवालाई टेवा पुग्ने गरी क्रियाकलाप संचालन गर्ने ।
- स्थानीय तहका सूचीकृत स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क तथा गुणस्तरिय सुरक्षित गर्भपतन सेवाको पहुंच, उपलब्धता र उपयोग भएको सुनिश्चित गर्ने ।
- सुरक्षित गर्भपतन सेवा निरन्तर सुचारु गर्नको लागि सेवा प्रदायकको नियमित उपलब्धता एवं यस सेवाका लागि आवस्यक औषधी तथा उपकरणको उपलव्धता सुनिश्चित गर्ने ।
- बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन अधिकार, लैंगीक समानता लगायत स्वास्थ्य सेवाको स्तरबृद्धि र विस्तार गरी सर्बब्यापी पहुँचमा सहजता ल्याई दिगो बिकासको लक्ष्यमा पुग्न कार्यक्रम संचालन गरिनेछ ।
- प्रजनन स्वास्थ्य लैगिक समानता महिला शसक्तिकरण, सामाजिक न्याय र सुरक्षाको आधारमा प्रजनन अंग, महिनावारी र सुत्केरी अबस्थामा र सधैभरी प्रजनन अंगको

सरसफाई, सामाजिक समताको आधारमा स्वस्थ रहने बाताबरणको श्रृजना गर्न पहल गर्ने ।

- शारीरिक स्वास्थ्य संगसंगै स्वस्थ सामाजिक बातावरण बनाउन बिभिन्न सरोकारबालाहरुको सहकार्य र साझेदारी आबश्यक क्रियाकलापहरु अपनाई मानसिक स्वास्थ्य र सामाजिक बिकृति (लैगिक हिशा, पारिवारिक हिंशा, लैगिंक र जातिय बिभेद, जबरजस्ति वा लोभ प्रलोभनमा हुने बाल बिबाह, प्रेम बिबाह, अनमेल बिबाह)हरुलाई निरुत्साहित गर्नका लागी पैरबि गरिने छ ।

## ८.२.४.<u>किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम</u>

**८.२.४.१.** सबै स्वास्थ्य संस्थाहरुमा क्रमश किशोर किशोरी मैत्री स्वास्थ्य सेवा को शुरुवात गरिनेछ ।

**८.२.४.२.** किशोर किशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

**८.२.४.३.** किशोर किशोरीहरुका लागी विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरुमा प्रजनन स्वास्थ्य विशेष गरी परिवार नियोजन तथा सुरक्षित गर्भपतन सम्बन्धी चेतनामुलक कक्षा संचालन गरिनेछ ।

**८.२.४.४.** हरेक विद्यालयका किशोरीहरुलाई आवश्यक स्यानीटरी प्याडको व्यवस्था मिलाइनेछ।

प्रदेशभित्रका स्वास्थ्य संस्थाबाट दिइने सेवा बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा किशोरकिशोरी मैत्री बनाइनेछ ।

## ८.३.<u>महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका कार्यक्रम</u>

**८.३.१.** महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका स्वास्थ्यका मेरुदण्ड हुन भन्ने मन्त्रलाई महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवकलाई अवलम्बन गरी म.स्वा.स्वं.से.को आधारभुत तथा पुर्नताजकिय तालिम ,प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै हरेकलाई आफ्नो काम प्रति जिम्मेवार बनाइनेछ ।

**८.३.२.** म.स्वा.स्वं.से. मार्फत स्वास्थ्य आमा समुह बैठक संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ साथै समयानुकुल परिमार्जित गर्दै लगिनेछ ।

**८.३.३.** हरेक महिना स्वास्थ्य संस्था स्तरमा महिला स्वास्थ्य स्वयं सेविका हरुको मासिक समिक्षा बैठक संचालन गरिनेछ ।

